
# लेखापरीक्षण प्रतिवेदन

# थबाङ गाउँपालिका, रोल्पा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# थबाङ गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/575

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
थबाङ गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रोल्पा।

**कैफियतसहितको राय**

हामीले यस थबाङ गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाले आर्थिक कार्यप्रणालीको लेखांकन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । गाँउपालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६ करोड १४ लाख २६ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४ करोड ६२ लाख २५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२ लाख ६५ हजार समावेश समेत रु. १० करोड ७९ लाख १६ हजार सुत्रमा लेखांकन गरेको छैन ।

२. गाँउपालिकाको रु.७९ करोड २१ लाख ८९ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ३ लाख ३९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.७ लाख ८४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु. १ करोड ९५ लाख ५५ हजारमध्ये असुल गर्नुपर्ने रू.६ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० लाख २७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ७९ लाख २६ हजार रहेको छ। गत वर्षसम्म बाँकी रु.१४ करोड ७२ लाख १७ हजार बेरुजूमध्ये यस वर्ष रु. ४५ लाख ३८ हजार

सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु. १६ करोड २२ लाख ३४ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने थबाङ गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी थबाङ गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउकार्यपालिका, गाँउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | साेधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | २० | २,०३,३९,७२५ | ० | २ | ७,८४,३०३ | ० | ५५ | १८ | १,९५,५५,४२२ | ६,०२,०३१ | १,७९,२६,१५६ | १०,२७,२३५ | ० | ० | १,८९,५३,३९१ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रोल्पा | १४,७२,१७,००० | ० | ४५,३८,६५४ | १४,२६,७८,३४६ | ० | १,९५,५५,४२० | १६,२२,३३,७६६ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५०.५ | पन्ध्रशैयाको अस्पताल निर्माण | ६,८५,३०३ |
| २ | २०८०/८१ | ४८ | घोराबाङ फुन्टीबाङ रोड ठेक्का नं.२।०८०।८१ | ९९,००० |
| ३ | २०७९/८० | ३२ | मूल्यअभिवृद्धि कर विजक | ४३,८८५ |
| ४ | २०७९/८० | २१.२ | प्रशासनिक भवन निर्माण | १८,७३,९९५ |
| ५ | २०७९/८० | ३४.४ | पारिश्रमिक सुविधा तथा भत्ता | ५,७८५ |
| ६ | २०७९/८० | ३५ | दोहोरो भुक्तानी | ६,५५९ |
| ७ | २०७८/७९ | ४६ | विधालय छात्रवृति | ७,६०० |
| ८ | २०७८/७९ | ५० | दोहोरो निकासा | २,७०,८३० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७९/८० | ३ | निकासा फिर्ता | २३,३०,००० |
| जम्मा | | | | ५३,२२,९५७ |

# (८०५५४५०२३०० - थबाङ गाउँपालिका, रोल्पा )

# थवाङ गाउँपालिका , रोल्पा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस थपाङ गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २७ पालिका सभा सदस्य १९१.०७ वर्ग किलोमिटर क्षेत्रफल तथा १० हजार ८९१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।३० देखि २०८१ ।०६।०१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** यस कार्यालयको आय – व्ययतर्फ रु. ७९ करोड २१ लाख ८९ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ६,७०,२७,८८८.६६ | ०.०० | ६,७०,२७,८८८.६६ | ६,१७,५६,४८८.४१ | ०.०० | ६,१७,५६,४८८.४१ |
| १३००० | अनुदान | २१,५९,९०,१७९.९० | ०.०० | २१,५९,९०,१७९.९० | २७,३०,५४,५५५.८५ | ०.०० | २७,३०,५४,५५५.८५ |
| १४००० | अन्य राजस्व | ४४,१०,०१८.९१ | ०.०० | ४४,१०,०१८.९१ | ३७,८४,९४९.५४ | ०.०० | ३७,८४,९४९.५४ |
| १५००० | विविध प्राप्ति | ३५०.०० | ०.०० | ३५०.०० | ५,०८,१६०.०० | ०.०० | ५,०८,१६०.०० |
| क | **कुल जम्मा प्राप्ति** | २८,७४,२८,४३७.४७ | | २८,७४,२८,४३७.४७ | ३३,९१,०४,१५३.८० | | ३३,९१,०४,१५३.८० |
| ३ | चालु | १७,३१,४५,२६०.५६ | ०.०० | १७,३१,४५,२६०.५६ | १७,९८,५१,४९१.०९ | ०.०० | १७,९८,५१,४९१.०९ |
| २१००० | पारिश्रमिक / सुविधा | ४,७७,९९,४५८.२० | ०.०० | ४,७७,९९,४५८.२० | ९,०३,५५,१९४.७६ | ०.०० | ९,०३,५५,१९४.७६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ४,६०,९९,७३५.७५ | ०.०० | ४,६०,९९,७३५.७५ | ५,३७,७३,९७९.७२ | ०.०० | ५,३७,७३,९७९.७२ |
| २५००० | सहायता (Subsidy) | ७,३०,३५,२४५.०० | ०.०० | ७,३०,३५,२४५.०० | ३,०८,४१,२६१.६१ | ०.०० | ३,०८,४१,२६१.६१ |
| २७००० | सामाजिक सुरक्षा | २५,१९,००९.०० | ०.०० | २५,१९,००९.०० | २०,१४,८०६.०० | ०.०० | २०,१४,८०६.०० |
| २८००० | अन्य खर्च | ३६,९१,८१२.६१ | ०.०० | ३६,९१,८१२.६१ | २८,६६,२४९.०० | ०.०० | २८,६६,२४९.०० |
| ४ | पूंजीगत | ११,४७,०७,९२६.०० | ०.०० | ११,४७,०७,९२६.०० | १८,८८,१७,७९८.१९ | ०.०० | १८,८८,१७,७९८.१९ |
| ३१११० | भवन तथा संरचना | २,४८,८१,००४.०० | ०.०० | २,४८,८१,००४.०० | ८,६५,००,५९३.७२ | ०.०० | ८,६५,००,५९३.७२ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ६३,२६,३९७.०० | ०.०० | ६३,२६,३९७.०० | ४१,५४,२६३.७० | ०.०० | ४१,५४,२६३.७० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४,९९,३६३.०० | ०.०० | ४,९९,३६३.०० | ९,३२,८०५.०० | ०.०० | ९,३२,८०५.०० |
| ३११४० | सुरक्षा उपकरण | ९,९७,५००.०० | ०.०० | ९,९७,५००.०० | ०.०० | ०.०० | ०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ८,१८,११,६६२.०० | ०.०० | ८,१८,११,६६२.०० | ९,६४,८७,८१९.३४ | ०.०० | ९,६४,८७,८१९.३४ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १,९२,०००.०० | ०.०० | १,९२,०००.०० | ७,४२,३१६.४३ | ०.०० | ७,४२,३१६.४३ |
| ख) | **कुल जम्मा भुक्तानी** | २८,७८,५३,१८६.५६ | | २८,७८,५३,१८६.५६ | ३६,८६,६९,२८९.२८ | | ३६,८६,६९,२८९.२८ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (४,२४,७४९.०९) | | (४,२४,७४९.०९) | (२,९५,६५,१३५.४८) | | (२,९५,६५,१३५.४८) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | १४,५४,७२९.१४ | | १४,५४,७२९.१४ | ८७,६९,८३६.१४ | | ८७,६९,८३६.१४ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | |
| ङ) | **यस आ.ब.को नगद** | १०,२९,९८०.०५ | | १०,२९,९८०.०५ | (२,०७,९५,२९९.३४) | | (२,०७,९५,२९९.३४) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | | | | | |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ५,४८,०९,८९७.७५ | | ५,४८,०९,८९७.७५ | ७,५६,०५,१९७.०९ | | ७,५६,०५,१९७.०९ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ५,५८,३९,८७७.८० | | ५,५८,३९,८७७.८० | ५,४८,०९,८९७.७५ | | ५,४८,०९,८९७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **लेखापरीक्षण**

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सिमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

३ **वित्तीय प्रतिवेदन**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

३.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६१४२६२७६ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४६२२५८२६ र स्वास्थ्य क्षेत्र सुधार रु. २६५११६६ गरी रु. १०७९१७२६८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **गत वर्षको मौज्दात विवरण**

पालिकाले सुत्र प्रणाली अनुसार गत वर्षको मौज्दात रु ५५१९१०३९ रहेकोमा यस वर्ष सुत्र वाट गत वर्षको मौज्दात रु ५४८०९८९७ देखाएकोमा रु ३८११४२ घटी मौज्दात देखाएको छ । पालिकाले फरक मौज्दातको हिसाव मिलान गर्नुपर्दछ ।

## ५ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको १२ गरी कुल १६ विवाद दर्ता भएकोमा ९ वटा मात्र फर्स्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ७ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ३ वटा नियमावली, ३१ कार्यविधि लगायत ४८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

## ८ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ९ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रणको विषयमा जिन्सीमालको स्पेशिफिकेसन खुलाई मूल्य अभिवृद्धि करसमेत मूल्य, जिन्सी दाखिला र वर्गिकरण, भ्रमण प्रतिवेदन, नागरिक सुनुवाई, वार्षिक कार्यक्रमको कार्यायोजना र ठेक्का अभिलेख खाता, ठेक्काको गोश्वारा खाता, जनसहभागीतामा आधारित कामको खरिद योजना र गुरुयोजना, आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा र कार्यविधीसहित आन्तरिक

नियन्त्रण समिति तयार बारेमा स्पष्ट खुलासा गरि प्रतिवेदन गरेको पाईएन् । प्रतिवेदन प्रणालीलाई पारदर्शी र विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली मजबुद बनाएर र सशक्त आन्तरिक लेखापरीक्षण समेतबाट कार्यालयको कामलाई प्रभावकारी बनाउनुपर्दछ ।

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१२ **सेवा प्रवाहको विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस गाउँपालिकाले सेवा प्रवाह सम्वन्धी विभिन्न कानून वनाई सेवा प्रवाह गरेको छ । पालिकावाट वितरण भएका सेवा निम्न वमोजिम रहेका छन् ।

| क्र.सं | विवरण | प्रवाहको स्थिति |
|---|---|---|
| १ | जन्मदर्ता | १६० |
| २ | मृत्युदर्ता | ६८ |
| ३ | बसाईसराई दर्ता | ४१ |
| ४ | विवाह दर्ता | ३९ |
| ५ | सम्वन्ध विच्छेद | १२ |

१३ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१४ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष भैपरी आउने चालु तर्फ रु. १२५२०४८ र भैपरी आउने पूँजिगत तर्फ रु. ५०,००,००० गरी जम्मा रु ६२,५२,०४८ अवण्डा वजेट राखेकोमा पूँजीगत तर्फ खर्च गरेको पाईएन । पालिकाले कार्यक्रम तर्जुमा गर्दा वजेट अवण्डा नराखी तर्जुमा गर्नुपर्दछ ।

१५ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यक्रम तर्जुमा गर्दा वास्तविकतामा आधारित भएर पूर्वानुमान गरी गर्नुपर्दछ । कार्यालयले दिएको विवरण अनुसार कार्यालयको लक्ष्य प्रगती निम्न वमोजिम रहेको छ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ४४८ | ७४ | १७ | २१ | ४० |

पालिकाले दिएको विवरण अनुसार पालिकामा कुल ४४८ कार्यक्रम रहेकोमा ७५ प्रतिशत सम्म प्रगती भएको जम्मा ४० वटा कार्यक्रम छन् भने ७४ वटा कार्यक्रमको बजेट अभावले संचालन भएको पाईएन। कार्यालयले योजना तथा कार्यक्रम वनाउदा कार्यान्वियन योग्य कार्यक्रम छनौट गरी कार्यक्रमलाई वास्तविकयोग्य वनाउनुपर्दछ।

## १६ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

## १७ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. ३६ करोड ६५ लाख ८५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## १८ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| वजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| पुजिगत खर्च रु | ११४७३२ | ० | ९८४४ | ९९८८ | ९४८९९ | ६७६३९ |
| खर्च प्रतिशत | | ० | ८.५८ | ८.७ | ८२.७ | ५८.९५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ११ करोड ४७ लाख ३२ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा वजेट खर्च भएको छैन, दोस्रो त्रैमासिकमा रु. ९८ लाख ४४ हजार ( ८.५८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ९९ लाख ८८ हजार (८.७ प्रतिशत) र चौथो त्रैमासिकमा ९ करोड ४८ लाख ९९ हजार अर्थात ८२.७ खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६ करोड ७६ लाख ३९ हजार (५८.९५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १९ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ४१ वटा योजना वडागत र ४९ वटा पालिकास्तरका गरी कुल जम्मा ९० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं | कार्यक्रमको नाम | योजना संख्या | रू २० लाख माथिको योजना संख्या | रू. ५ लाख देखि २० लाख सम्मको योजना संख्या | रू ५ लाख भन्दा कमको योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय | ४९ | १५ | १७ | २ |
| २ | वडा स्तरीय | ४१ | ० | ४ | ३५ |
| जम्मा | | ९० | १५ | २१ | ३७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका पुजिगत १०५ योजना मध्ये ९० योजनामात्र कार्यान्वियन भई १५ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## २० वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११,४७,०७,९२६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## २१ क्षेत्रगत बजेट र खर्चको स्थिति

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र म | क्षेत्र | वजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| | आर्थिक विकास | १,६०,८८,२९२ | १,२९,६५,२०९ | ४.५ |
| | सामाजिक विकास | ९,६९,४८,२५० | ८,५४,०२,४३७ | २९.६६ |
| | पूर्वाधार विकास | ७,४६,००,००० | ५,८७,८६,१३२ | २०.४२ |
| | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,६०,६५,००० | ९३,२७,४५२ | ३.२४ |
| | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,३४,८१,०८३ | १२,१३,७१,९५५ | ४२.१६ |
| | | ३५,७१,८२,६२५ | २८,७८,५३,१८६ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक मा सबैभन्दा बढी ४२.१६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा ३.२४ प्रतिशत रहेको छ ।

२२ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५७,७१,६९७ राजस्व बाँडफाँड र अनुदानबाट रु. ६,०९,८१,९१५ समेत रु. ३०,१५,९३,८६३ आम्दानी भएकोमा चालु तर्फ रु. १७,३१,४५,२६० र पूँजिगत तर्फ रु. ११,४७,०७,९२६ गरी जम्मा रु. २८,७८,५३,१८६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ५९,७९,००० खर्च भएको छ जुन आन्तरिक आयको १०३.५९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.१५ प्रतिशत चालु र ३९.८४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जीनियर, सहित २३ पदहरु रिक्त रहेका छन् । सो रिक्त पद कार्यालयले माग गरेको देखिएन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२४ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक स्थाइ पद वाट पूर्ति हुने निम्न पदमा कमर्चारी करारमा नियुक्ती गरेको पाइयो ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. | लोकसेवामा माग गरेको सङ्ख्या | लोकसेवामा माग गरेको वाहेको रु |
|---|---|---|---|---|
| अ न मी | ७ | १८४९९०० | २ | १३,२१,३५७ |
| अ हे व | ७ | १८४९९०० | १ | १५८५६२८ |
| कम्प्युटर अपरेटर | १ | ४६१४९० | १ | ० |
| असिस्टेन्ट सव इन्जिनियर | १ | ४३७७२६ | १ | ० |
| सव इन्जिनियर | १ | ३१२५७० | १ | ० |
| फार्मेसी सहायक | १ | २२०५० | १ | ० |
| रेडियोग्राफर पाँचौ | १ | ६६१५० | ० | ६६,१५० |
| मेडिकल अधिकृत | १ | १४६२११ | ० | १,४६,२११ |
| जम्मा रु | | ५१४५९९७ | | ३१,१९,३४६ |

पालिकाले मिति २०८०।७।२३ मा कम्प्युटर अपरेटर, असिस्टेन्ट सव इन्जिनियर, मिति २०८०।४।१ मा अनमी २ जना, हे अ १ जना प्रदेश लोक सेवा आयोगमा रिक्त कर्मचारी माग गरेको र उक्त कर्मचारी समयमा पदपूर्ती नभएकोले पालिकाले सेवा प्रवाह गर्नको

लागी कर्मचारी करारमा राखेको भन्ने भनाई रहेको छ । अत पालिकाले प्रदेश लोकसेवा आयोगमा माग नगरी करारमा कर्मचारी न्युक्ती गरी तलव भत्ता भुक्तानी दिएको नियम संगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३१,१९,३४६ |

२५ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको रु. १,११,२९,९३१ र पालिकाका कर्मचारीको रु. ५१,२४,१६४ समेत रु. १,६२,५४,०९५ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२६ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी अवकास हुदा भुक्तानी गर्ने दायित्व वहन गर्नको लागी अवकास कोष स्थापना गरेको छैन । पालिकाले कर्मचारीको अवकास दायित्व वहन गर्नको लागी अवकास कोष स्थापना गर्नुपर्दछ ।

२७ **आन्तरिक आय तथा राजश्व**

२७.१ आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६३,६०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ५७,७१,६९७ अर्थात अनुमान भन्दा ९.२६ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२७.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदान वाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८,२०,८१,४८९ | ५७,७१,६९७ | २.०४ |

२७.३ उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.०४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२८ **इन्धन सुविधा**

लुम्बिनी प्रदेशको स्थानीय तहको पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा स्थानीय तहको पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ ।पालिकाले देहायको

भौचरबाट निम्न पदाधिकारीलाई इन्धन सुविधा वापत थप रकम रू.१,६२,७९७ भुक्तानी लेखेकोले बढी व्ययभार भएको खर्च सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रू.

| गो.भौ.नं/मिति | पदाधिकारीको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३५४।२०८१।०३।२२ | अभिलाषा रोका मगर | इन्धन | ३९६१० |
| ३५४।२०८१।०३।२२ | हिक्मत घर्ती मगर | इन्धन | ४८६५९ |
| ३५४।२०८१।०३।२२ | हिरा प्रसाद बुढा मगर | इन्धन | ३४४७५ |
| ३६८।२०८१।०३।२४ | जनक बुढा | इन्धन | ४००५३ |
| **जम्मा** | | | १६२७९७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६२,७९७ |

२९ **मसलन्द तथा कार्यालय सामान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले एउटै तथा विभिन्न सप्लायर्स वाट मसलन्द तथा कार्यालय सामाग्री टुक्रा पारेर रु. २३,२४,६२२ खरिद गरेको पाईयो । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री खरिद गरेको केही उदाहरण देहाय अनुसार रहेका छन् :

| गो.भौ.नं/मिति | विवरण | सप्लायार्स | भुक्तानी रकम |
|---|---|---|---|
| १२०।२०८०।११।२४ | मसलन्द सामाग्री खरिद | आकर्षण सप्लायार्स | ८८७०९४ |
| १६३।२०८१।०१।२३ | जर्सी तथा ट्र्याक खरिद | दीप सोलुसन कर्नर | २४८६११ |
| ३२६।२०८१।०३।१९ | मसलन्द सामाग्री खरिद | रोल्पा आर्टस तथा रोल्पा सप्लायर्स | ५३१६७९ |
| ३४५।२०८१।०३।२१ | मसलन्द सामाग्री खरिद | कमनेट सोलसुन एण्ड सप्लायर्स | २७०११७ |
| **जम्मा** | | | १९३७५०१ |

३० **विविध खर्च**

विविध खर्च : स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको वजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा वडा र पालिका सहित रु १९,९८,८८७ र अतिथी सत्कारमा रु ४,८४,३२५ गरी जम्मा रु २४,८३,२१२ विविध खर्चमा खर्च गरेको छ । जुन आन्तरिक आयको ४३.०२ प्रतिशत हुन्छ । पालिकाले खर्च गर्दा मितव्ययीता कायम गर्नुपर्दछ ।

३१ **पर्व संस्कृति मेला अनुदान**

लुम्विनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ को वुदा नं २७ (ख) मा स्वीकृत कार्यक्रम अनुसार नियमित वा वजेट विनियोजन भएका कार्यक्रम बाहेक सभा, सम्मेलन, गोष्ठी, कार्यशाला, समारोह, जात्रा, पर्वका लागि वजेट माग नगर्ने तथा स्वीकृती नदिने व्यवस्था रहेको छ । पालिकाले निम्न भौचर वाट रु. ३००,००० पर्व तथा संस्कृती मेलामा अनुदान उपलब्ध गराएको छ यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ नं | पर्व | रु |
|---|---|---|
| ९४।०८०।९।२७ | राँके तिहार व्यवस्थापन पर्व वडा नं ४ | १५०,००० |
| २९४।०८१।३।१३ | राँके तिहार व्यवस्थापन पर्व वडा नं ५ | १,००,००० |
| ३१७।०८१।३।१८ | संस्कृतिक संरक्षण तथा भुम्या पर्व व्यवस्थापन १र २ वडा | ५०,००० |
| | जम्मा रु | ३००,००० |

## ३२ सामाजिक सुरक्षा

३२.१ सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि, २०७७ ले लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ। पालिकाले यस आर्थिक बर्षमा प्रथम, द्बितिय किस्तामा ग्लोबल आईएमई बैंक मार्फत र तृतिय र चौंथो किस्ता EFT गरी जम्मा रु. ६,१८,९८,८३१ निकासा तथा खर्च गरेको गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

३२.२ सामजिक सुरक्षा भत्ता बितरण कार्यविधि, २०७७ को बुँदा नं. ५ मा स्थानीय तहले प्रत्येक आ.व.का लागि कात्तिक मसान्तभित्र तोकिए बमोजिम नविकरणको अभिलेख अद्यावधिक नगरी सामाजिक सुरक्षा भत्ता वितरण गर्न नपाईने व्यस्था छ। तर पालिकाले देहाय बमोजिमको दोहोरो तथा निष्कृय खातामा भत्ता वापतको रकम निकासा खर्च गरेको छ।सो रकम असुल गर्नुपर्ने रु.

| **क्र.सं.** | **लाभग्राहीको विवरण** | **सा.सु. परिचयपत्र नम्बर** | **नागरिकता नम्बर** | **भत्ताको किसिम** | **मासिक भत्ता रकम** | **कुल बढी निकासा रकम रु.** |
|---|---|---|---|---|---|---|
| १ | फर्के रोका थवाङ १ | २००८०१०१४७५११ | ५४२९०४ | अन्य ज्येष्ठ नागरिक भत्ता | ४००० | ४८,०००/- |
| २ | एनिया सुनार थवाङ ३ | २०७७१०१४११३३४ | - | दलित बालबालिका | ५३२ | ६३८४ |
| **जम्मा** | | | | | | ५४,३८४ |

| असुल गर्नुपर्ने | ५४,३४८ |
|---|---|

## ३३ असुल गर्नुपर्ने

स्थानीय तहको पाठ्यक्रमः पालिकाले स्थानिय तहको पाठ्यक्रम छपाई गर्नको लागी निम्न भौचर वाट भुक्तानी दिएकोमा निम्न पाईयो ।

| गो.भौ.नं/मिति | विवरण | छपाई संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| ५६।२०७०।०७।२२ | गेमी थवाङ पाठ्यपुस्तक छपाई | १००० | ३१९९९९ |
| ३६३।२०८१।०३।२३ | गेमी थवाङ पाठ्यपुस्तक छपाई | ३०० | २२५४३५ |

प्राविधिक जाँच गरी भुक्तानी नभएकोः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा खर्चको भुक्तानी दिदा जिम्मेवार व्यक्तिले त्यस्तो खर्च भुक्तानी दिदा रित पुगे नपुगेको जाच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले Kanung printing press kathmandu लाई गेमी थवाङ पाठ्यपुष्तक छपाई गर्न गो.भौ.नं ५६।२०७०।०७।२२ वाट रु ३१९९९९ रकम भुक्तानी दिएकोमा उक्त पुष्तक तोकिएको गुणस्तरमा नआएको तथा शुद्धा शुद्धिसमेत नमिलेकोले उक्त पुष्तक प्रयोग नभएको भनी गो.भौ.नं ३६३।२०८१।०३।२३ वाट क्वालिटी प्रिन्टीङ् प्रेश दाङ् रु २२५४३५ भुक्तानी दिई एउटै कार्यलाई दोहोरो भुक्तानी गरेको छ । पालिकाले तोकिएको गुणस्तर मा छपाई नभई भुक्तानी दिएको रकम Kanung printing press kathmandu वाट असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ३,१९,९९९ |
|---|---|

## ३४ गाँउपालिका अनुदान वाट शिक्षकको तलव भत्ता भुक्तानी

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को वुदा नं ४.१ मा स्विकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यारत सवै शिक्षकहरु, प्रारम्भिक वाल विकासका शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीको तलव भत्ता सवै शशर्त अनुदानको रुपमा उपलब्ध हुने व्यवस्था रहेको छ । शिक्षा नियमावली २०५९ को नियम ९७ (१) मा नेपाल सरकारबाट स्वीकृत दरवन्दीको रिक्त शिक्षक पदमा स्थाइ नियुक्तिको लागि उम्मेद्वार सिफारिश भई नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै उक्त नियम ९८ (१ ) मा कुनै पनि व्यक्ती वा शिक्षकलाई रिक्त दरवन्दी नरहेको विधालयमा नियूक्ती वा सरुवा गर्ननहुदैन भनी व्यवस्था गरेको छ । तर पालिकाले पालिकाअनुदान वाट निम्न विधालयमा दरवन्दी भन्दा वाहिरका शिक्षकको तलव भत्ता निकाशा दिएको छ । विधालयकमा कक्षा संचालन भएको तर शिक्षक दरवन्दी स्विकृत नभएको कारणले दरवन्दी भन्दा वाहिरको शिक्षकलाई तलव भत्ता निकाशा दिनुपरेको भनाई रहेको छ । पालिकाले शिक्षकको दरवन्दी मिलान गरी दरवन्दी स्विकृत गरी मात्र तलव भत्ता निकाशा दिनुपर्दछ पालिकाले दिएको विवरण अनुसार शशर्त अनुदान वाट भुक्तानी हुने शिक्षकको तलव भत्ता गाँउपालिका अनुदान वाट भुक्तानी भएको वजेट सिद्वान्त विपरीत भएको अनियमित भएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ६७,७०,३९० |

## ३५ स्यानिटरी प्याड खरिद

३५.१ स्यानिटरी प्याड खरिद : सामुदायिक विधालयमा अध्ययनरत छात्राहरुको लागि निशुल्क रुपमा स्यानिटर प्याड उपलब्ध गराउने उद्वेश्यले निम्न भौचर वाट खरिद भएकोमा निम्न पाईयो ।

| गो भौ नं | सप्लायर्स | खरिद विधि | खरिद परिमाण | खरिद दर | जम्मा खरिद रु (भ्याट सहित) |
|---|---|---|---|---|---|
| | Lucky Surgery and suppliers, Dang | सोझै खरिद | ४४२० प्याकेट | ६६.३७ | ३,३१,४९१ |

३५.२ आवश्यक परिमाण मा खरिद नभएको : स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को नियम ५ मा विधालयको व्यवस्थाप क्षमता अनुसार त्रैमासि चौमासिक वा अर्धवार्षिक रुपमा एक छात्रालाई एक महिनावारी चक्रमा २ प्याकेटको दरले १० महिनाको लागी उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । इमिस विवरण अनुसार पालिकामा कक्षा ६-१२ कक्षा सम्म जम्मा ५२४ जना विधार्थी रहेकोमा १०,४८० प्याकेट आवश्यक रहेकोमा जम्मा ४४२० प्याकेट मात्र खरिद गरी गरी वितरण गरेको छ । समयमानै खरिद गरी सम्वन्धीत विद्यालयमा प्याड वितरण नगर्दा विद्यार्थी गुणस्तरीय सेनिटरी प्याड प्राप्त गर्न वाट वञ्चित भएका छन् । पालिकाले आवश्यक वमोजिम समयमानै प्याड खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्नुपर्दछ ।

३५.३ गुणस्तर परिक्षण : स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुची १ र २ मा स्यानिटरी प्याडको गुणस्तर तोकिएको छ । जसमा साइज २४० (+२०,-२०) mm लम्वाइ, ६० देखि ७५ mm चौडाइ र १३ देखि १७mm मोटो, PH Value, रङ्ग, प्रयोग भएको कपडा लगायत गुणस्तर तोकेको छ । पालिकाले २२० mm देखि २६०mm सम्मको सम्मको खरिद गर्नुपर्ने मा २८० mm को प्याड ठुलो साइजको प्याड खरिद गरेको छ तथा सवै प्याड एकै साइजको खरिद गरेको छ । प्याड खरिदमा प्याडको साइज वाहेक अन्य स्पेसिफिकेशन खुलेको छैन भने गुणस्तर परीक्षण रिपोर्ट पेश भएको भएको छैन । पालिकाले स्यानिटरी प्याड खरिद गर्दा कार्यविधिले तोकेको गुणस्तर वमोजिम खरिद गर्नुपर्दछ ।

## ३६ औषधि खरिद

पालिकाले नागरीकलाई निशुल्क रुपमा उपलब्ध गराउनको लागी विभिन्न भौचर वाट रु. १५,७९,५५९.९५ औषधि खरिद गरीद गरेकोमा पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ।

त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

### ३७ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा २२ योजना सञ्चालन गरी यस वर्ष ८३ जनालाई औसत ९५.३६ दिनले ७९१५ दिन रोजगारी उपलव्ध गराई रु ५२,८७,२२० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

### ३८ लघुउद्यम कार्यक्रम

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न कार्यक्रमको लागि विनियोजित रकमबाट तोकिएअनुसारको नयाँ तालिम २९ जनालाई निरन्तरता तालिम ३९ जनालाई दिई रु.१०२०७९२।४ खर्च देहाय अनुसार सञ्चालन गरको छ । गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्दछ ।

| सि.नं | तालिमको नाम | सहभागी संख्या | रकम रु. |
|---|---|---|---|
| **नयाँ लघु उद्यमी तर्फ** | | | |
| १ | २ महिने होजियारी सम्बन्धी प्राविधिक सीप विकास तालिम | १५ जना | ४४२९२९.४० |
| २ | १ महिने अल्लो प्रशोधन सम्बन्धी सीप विकास तालिम | १४ जना | २०२५८० |
| **स्तरोन्नती तर्फ** | | | |
| १ | १ महिने ढाका व्यवसाय सम्बन्धी पुर्नताजगी तालिम | ५ जना | ८७१३० |
| २ | ढाका व्यवसायको लागि आवश्यक सामाग्री खरिद | | ७८३२३ |
| ३ | मौरी पालनका व्यवसायीहरुलाई मौरी सहितको घार तथा आधुनिक घार खरिद | १० जना | १३७५६० |
| ४ | तरकारी खेतीका समुहलाई तरकारीको बीउबिजन तथा आवश्यक सामाग्री वितरण | १५ जना | ७२२७० |

### ३९ सवारी मर्मत

३९.१ पालिकाले निम्न भौचर वाट रा १ झ १८९ सवारी साधन मर्मत खर्च भुक्तानी दिएकोमा निम्न पाईयो ।

| गो भौ नं | मर्मत सामाग्री | अटो ट्रेडर्स | भुक्तानी रु |
|---|---|---|---|
| ५२।०८०।७।२२ | टायर २ पिस Break drump, Bond set लगायत | रिता अटो ट्रेडर्स | ४०८१८३ |
| | | हिमाली अटो इन्जिनियरीङ्ग वर्कस | १४२९५० |
| जम्मा भुक्तानी अग्रिम कर र भ्याट वाहेको रु. | | | ५,५१,४३३ |
| १२९।०८०।११।२४ | mixmile crown, tie rod repair kit, roller bearing ogon लगायत | रिता अटो ट्रेडर्स | १,०१,७६५ |

३९.२ लागत अनुमान तयार नगरेको : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ बमोजिम सार्वजनिक निकायले १ लाख भन्दा वढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गरी स्विकृत गराई गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं ५२ र १२९ वाट गरी रु ६,५३,१९८ मर्मत वापत भुक्तानी दिएकोमा लागत अनुमान तयार नगरी खर्च गरेको छ । पालिकाले नियम अनुसार मर्मत संभार गर्नुपर्दछ ।

३९.३ प्राविधिक मूल्यांकन र फेरिएका सामाग्री : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ नया उपकरण तथा पाटपुर्जा खरिद गरेकोमा त्यस्ता पाटपुर्जा पुराना उपकरण वा पार्टपुर्जाको लागी प्रतिस्थापन गरेको कुरा सम्वन्धित प्राविधिक वाट प्रमाणीत गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले सवारी मर्मत पछि फेरिएका पार्टपुर्जा को प्राविधिक मुल्यांकन तथा उक्त सामाग्रीको जिन्सी दाखिला गरेको छैन । पालिकाले सवारी मर्मत गर्दा कानूनमा भएको प्रावधान वमोजिम गर्नपर्दछ ।

## ४० **इन्टरनेट खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा पालिका र पालिका अन्तर्गतका स्वास्थ्य चौकी र वडा कार्यालयमा वर्ल्डलिंक कम्युनिकेसन प्रा लि संग रु ५५६३७७ र नेपाल एग्रो एलेक्ट्रिसिटी एण्ड नेट्वर्कस संग रु ७४५२०४ गरी जम्मा रु १३०१५८१ खर्च भुक्तानी दिएको छ । पालिकाले इन्टरनेट खरिल गर्दा एकमुष्ट प्याकेजमा कानून बमोजिम खरिद गर्नुपर्दछ ।

## ४१ **झकेबाङ कबर्डहल निर्माण (TRM/ROLPA/W/NCB/10/2080-081)**

४१.१ **भेरिएशन**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) बमोजिम खरिद सम्झौताको वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रकृया पूरा गरी जारी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निर्माण व्यवसायी तेज दृष्टि कन्स्ट्रक्सन प्रा.लि.सँग मिति २०८०।११।१५ मा रु.६८,२४,४९६.५५ मा कबर्डहल निर्माण सम्झौता गरी कार्यान्वयनमा रहेकोमा मिति २०८१।०२।२२ मा केही आईटमहरुमा तपसिल बमोजिम भेरिएशन गरी संशोधित सम्झौता रकम रु.६७,२६,५१०.९८ पुगेको पाईयो।

| आईटम विवरण | शुरु सम्झौता | | | भेरिएशन पश्चात संशोधित सम्झौता | | |
|---|---|---|---|---|---|---|
| | परिमाण | दर | रकम रु. | परिमाण | दर | रकम रु. |
| Supplying,Fabrication and Installation of M.S. Black Pipe truss work | 11429.15 kg | 115 | 1314352.25 | 6614.51 | 115 | 760668.65 |
| Supplying and Fixing of colored CGI corrugated Sheet(24 gauge 0.5mm) | 1062 Sqm. | 800 | 849600 | 0 | 800 | 00 |
| Supplying and Fixing of colored CGI corrugated Sheet(26 gauge 0.36mm) | 00 | 00 | 00 | 1234.79 | 610 | 753221.90 |

उल्लिखित बमोजिम ३ आईटममा स्पेशिफिकेशनमा फरक पर्ने गरी भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण बेगर भेरिएशन आदेश स्वीकृत गरेको पाईयो ।

४१.२ **ईलेक्ट्रिक आईटमको बिल भुक्तानी** :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कबर्डहल निर्माणको सम्झौता गर्दा ईलेक्ट्रिक आईटमलाई एकमुष्ठ रु.५०,०००.०० लागत दिएकोमा कार्यालयबाट नाँपचाँज भई भुक्तानी हुँदा उक्त आईटमको विस्तृत नापी किताब र बिजक पेश नगरी भुक्तानी भएकोले एकमुष्ठ आईटमको बिजक पेश हुनुपर्दछ ।

४१.३ **बिमा नगराएको**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा बीस लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ ।त्यस्तै नियम ११२(१)घ मा निर्माण व्यावसायीव्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको अवधि सम्म वीमा गराउनुपर्नेमा पालिकाले सम्झौतामा निर्माण कार्यको वीमाको व्यवस्था गरे पनि वीमा नगराई कार्य गरेको छ। निर्माण कार्यको वीमा नहुँदा निर्माण अवधिमा हुन सक्ने सम्भावित जोखिम वहन नहुने देखिन्छ। नियममा व्यवस्था भए अनुसार निर्माण कार्यको जोखिम वहन गर्नका लागी अनिवार्य वीमा गराउनु पर्दछ ।

## ४२ मोबिलाईजेशन पेश्की भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४, को नियम ११३(१) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई ऐनको दफा ५२क. को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने व्यवस्था रहेको छ । पालिकाले सम्झौताको SCC को GCC 57.1 बमोजिम पेश्की दिने व्यवस्था नभएकोमा तपसिल बमोजिमको आयोजनामा निर्माण व्यवसायीलाई सम्झौताको व्यवस्था विपरित तपसिल बमोजिम पेश्की दिएको पाईएकोले पेश्की लगेदेखि फछ्र्यौट अवधी सम्मको १० प्रतिशत ब्याज अशुल गर्नुपर्ने रु.

| योजनाको नाम | निर्माण व्यवसायी | पेश्की लगेको रकम | लगेको मिति | फछ्र्यौट मिति | ब्याज रकम रु. |
|---|---|---|---|---|---|
| दुलिडाँडा चालाबाङ सडक वडा नं.२ | जयश्री तिरुपती कन्स्ट्रक्सन प्रा.लि. | ५६०००० | २०८०।१०।२४ | २०८१।०३।११ | २१,३११ |
| बहुउदेश्यीय भवन फिनिसिङ | न्युरन विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | ६५४००० | २०८०।१०।०४ | २०८१।०१।२४ | १९,९८३ |
| प्रशासकीय भवन पर्खाल निर्माण | ट्यु डायमण्ड निर्माण सेवा | ५४१००० | २०८०।१०।०७ | २०८१।०३।१७ | २३,५९३ |
| **जम्मा** | | | | | ६४,८८७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,८८७ |

## ४३ दुलिडाँडा चालाबाङ सडक वडा नं.२

४३.१ **स्वीकृत ईकाइदर**: सार्वजनिक खरिद नियमावली (तेह्रौँ संसोधन) नियमावली, २०८० को नियम ६५(२) मा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत बुझी प्रारम्भिक चरणमा गरिने निर्माण कार्यको बढी दर उल्लेख गरेको यकिन गरी जाँच गर्नुपर्नेछ र

समितिले दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नुपर्नेछ । कार्यालयले यस योजनामा देहाय बमोजिम लागत अनुमान दर भन्दा बढी दरले पेश हुँदा जाँच र दर बिश्लेषण सहितको स्पष्टीकरण माग गर्नुपर्नेमा माग गरेको देखिएन ।

| ठेक्का नं | आइटम | काम | लागत दर | स्वीकृत दर | फरक दर | घमि परिमाण | मूल्य |
|---|---|---|---|---|---|---|---|
| ३।०८०।८१ | ३ | ग्याबिन खरिद तथा जोड्ने कार्य | १४७२ | २००० | ५२८ | ४१३.५० | २,१८,३२८ |

४३.२ **प्राकृतिक स्रोतको कर**: निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिसन अफ कन्ट्रयाक्टको मा by the contractor shall include all taxes that may be levied in accordance to the law and regulations भन्ने उल्लेख छ । सो बमोजिम स्थानीय करको दायित्व व्यवसायीमा रहने स्पष्ट छ । प्रदेश आर्थिक ऐन २०८० को अनुसूची ६ बमोजिम स्थानीय निर्माण सामाग्री ढुङ्गा गिटी बालुवा प्रतिघनफिट रू.६।७८ मु.अ.कर समेत उल्लेख छ । निर्माण काममा उपयोग भएको स्थानीय निर्माण सामाग्रीको कर दाखिला गरेको प्रमाण संलग्न नगरेकोले पालिकाले व्यवसायीबाट यस्तो रोयल्टी उठाउने व्यवस्था गर्नुपर्दछ ।

| ठेक्का नं. | निर्माण सामाग्री | भएको काम घनमी | घनफुट | प्रति घनफुट दर | जम्मा कर |
|---|---|---|---|---|---|
| ३।०८०।८१ | ढुंगा/बोल्डर | ३९१.५० | १३८२७.७८ | ६.७८ | ९३,७५२ |
| ३।०८०।८१ | ग्रानुअल | ७१२.५० | २५१६५.५० | ६.७८ | १,७०,६२२ |

## ४४ उवाबेशी दाङसगा भङरङ सडक वडा नं. ५

४४.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आयोजनाको स्पेशिफिकेशनमा Clearance of landslides in soil and ordinary rock व्यवस्था गरी ५२०४ घमी कार्य गरेको उल्लेख गरी प्रति घमी रु.९५ का दरले रु.४,९४,३८० भूक्तानी दिएकोमा उक्त कार्य सोही योजनाको गत वर्ष कार्य गरेको निर्माण व्यवसायीको त्रुटी सच्याउने अवधीको कार्य भएकोले यसरी नयाँ ठेक्का खोली भूक्तानी दिनु नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९४,३८० |

४४.२ **प्राकृतिक स्रोतको कर:** निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिसन अफ कन्ट्रयाक्टको मा by the contractor shall include all taxes that may be levied in accordance to the law and regulations भन्ने उल्लेख छ । सो बमोजिम स्थानीय करको दायित्व व्यवसायीमा रहने स्पष्ट छ । प्रदेश आर्थिक ऐन २०८० को अनुसूची ६ बमोजिम स्थानीय निर्माण सामाग्री ढुङ्गा गिटी बालुवा प्रतिघनफिट रू.६।७८ मु.अ.कर समेत उल्लेख छ । निर्माण काममा उपयोग भएको स्थानीय निर्माण सामाग्रीको कर दाखिला गरेको प्रमाण संलग्न नगरेकोले पालिकाले व्यवसायीबाट रोयल्टी उठाउने व्यवस्था गर्नुपर्दछ ।

| ठेक्का नं. | निर्माण सामाग्री | भएको काम घनमी | घनफुट | प्रति घनफुट दर | जम्मा कर |
|---|---|---|---|---|---|
| १।०८०।८१ | ढुंगा/बोल्डर | ५७७.७० | २०४०४.३६ | ६.७८ | १,३८,३४२ |

४४.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । करदाताको लागत अनुमानको नापी किताब बमोजिम नयाँ कटिङ ५०७७.५० घमी मध्ये कडा ढुंगा र साधारण ढुंगा क्रमश: १४२.६३ र ५६८ घमी काट्नुपर्ने उल्लेख छ । कार्यसम्पन्नमा जम्मा नयाँ कटिङ्ग ४२१६.५० गरेकोमा कडा ढुंगा र साधारण ढुंगा कटिङ्ग गरेको परिमाण खुलासा गरेको पाईएन् । आयोजनाको सोही चेनेजमा ग्याबिन वर्क्सको लागि ५७७.७० ढुंगा/बोल्डर्स उपयोग

भएको देखाएकोमा उक्त कटिङबाट प्राप्त परिमाणको अंश नघटाई सम्पूर्ण ढुंगा/बोल्डर्स खरिद गरेको आधारमा भुक्तानी भएकोले ढुंगा बोल्डर्सको प्रति घमी जिल्ला दररेट रु.९०० का दरले रु.५,१९,९३० को खरिद बिजक पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१९,९३० |

४५ **कृषि उपज संकलन तथा भण्डारण केन्द्र निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५क. बमोजिम सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेशन, योजना, नक्सा, डिजाईन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु वा गराउनुपर्दछ । यस आयोजनाको ठेक्का नं.१६।२०७९।८० बाट भण्डारण केन्द्र निर्माण गरी मिति २०८०।०६।१५ मा सम्पन्न भएकोमा स्पेशिफिकेशनमा सेफ्टी ट्यांकी निर्माण तथा घेराबार कार्य छुटेकोले कार्यालयले पुन: मिति २०८०।११।०६ मा सामाजिक विकास तथा जनउत्थान कन्स्ट्रक्सन प्रा.लि.सँग रु.७,९३,२७० को सम्झौता गरी उक्त बाँकी काम सौझै खरिद मार्फत सम्पन्न गराएको छ । यसरी एउटै आयोजनाको कार्यलाई टुक्राएर खरिद गर्दा प्रतिस्पर्धा भएको एकीन गर्न सकिएन् ।

४६ **प्रशासकीय भवन निर्माण तथा व्यवस्थापन आयोजना**

सार्वजनिक खरिद नियमावली ( १३ औं संशोधन ) २०६४ को नियम ३१ मा खुला वोलपत्रद्धारा प्रतिस्पर्धा गराइ काम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष प्रशासकीय भवन निर्माण तथा व्यवस्थापन तर्फ २ वटा ठेक्का गरी योजनागत रुपमा गरेको छ । प्रतियोजना वोलपत्र गर्दा ठेक्का व्यवस्थापन खर्च वढ्ने भएकोले प्रतिस्पर्धा र मितव्ययीता हुने गरी ठेक्का प्याकेजीङ्ग हुने गरी खरिद योजना व्यवस्थित गर्नुपर्ने देखिन्छ । ठेक्का व्यवस्थापन योजनागत रुपमा नभई एकीकृत रुपमा सीमित हुने गरी उचित प्याकेज वनाई वोलपत्र प्रकृयामा जानुपर्ने देखिन्छ ।

| ठेक्का नं | योजनाको नाम | सम्झौत मिति | लागत अनुमान | ठेक्का अंक |
|---|---|---|---|---|
| ५।०८०।८१ | Construction of Retaining walls and other works in Administrative Building | २०८१।३।१० | ९९९० | ६१६५ |
| ८।०८०।८१ | Construction of Administrative Building | २०८१।३।१० | ७९९५ | ६७५७ |

४७ **पालिका तथा वडाको बाटो मर्मत तथा सरसफाई**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले पालिका भरि तथा वडा स्तरमा विभिन्न निर्माण व्यवसायीबाट बाटो सरसफाई तथा मर्मत गरेकोमा तपसिल बमोजिम टूक्रा पारि खरिद गरेकोले खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी नहुँदा नियमावलीको व्यवस्था बमोजिम खरिद कार्य गर्नुपर्दछ ।

| **कार्यक्रम** | **निर्माण व्यवसायी** | **गो.भौ./मिति** | **भुक्तानी रकम** |
|---|---|---|---|
| बाटो सरसफाई पालिका भरि | त्रिवेणी कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट्रेशन कम्पनि | १४९।०८१।०३।२४ | ८५४३८३ |
| वडा नं १ भरिको बाटोको सरसफाई | दहबाङ्ग कन्स्ट्रक्सन प्रा.लि. | १५।०८०।१०।१४ | ४८६२८५ |
| वडा नं २ भरिको बाटोको सरसफाई | न्युरन विल्डर्स प्रा.लि. | १०।०८०।०९।२६ | ४८१९७१ |
| वडा नं ३ भरिको बाटोको सरसफाई | मञ्जुरी कन्स्ट्रक्सन | २८।०८०।१२।१४ | ३९४३८४ |
| वडा नं ४ भरिको बाटोको सरसफाई | मञ्जुरी कन्स्ट्रक्सन | १३०।०८१।०३।२० | ४८५४२० |
| वडा नं ५ भरिको बाटोको सरसफाई | केशव निर्माण सेवा | १४।२०८०।१०।०९ | ४८४२४२ |
| **जम्मा** | | | ३१,८६,६८५ |

४८ **घोराबाङ फुन्टीबाङ रोड ठेक्का नं.२।०८०।८१**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-८** को निर्णयले रू **९९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **पालिका दर**

**पालिका दर:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३(१)मा पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य निर्माण सामाग्री ज्याला र भाडाको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ। त्यसैगरी सार्वजनिक खरिद(तेह्रौ संशोधन) नियमावली, २०८० को नियम १४८मा प्रत्येक जिल्लामा निर्माण सामाग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरण भाडा र कामदारको ज्याला दररेट प्रचलित बजारदरको आधार्मा निर्धारण गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सडक विभाग यान्त्रिक माहाशाखाको २०७७।१२।३१ को परिपत्रमा Guideline for Estimating Equipment Ownership and oprating costs नर्म्स बमोजिम एक्साभेटर १५० एचपी र एक्साभेटर १५० एचपी सहित बेक्ररको भाडा क्रमश: प्रतिघण्टा ३५५६.८६ र ४२३९.६७ रुकुमपूर्व सिस्ने गाउँपालिकाको दर विश्लेषण देखिन्छ। पालिकाको यो बर्षको दर विश्लेषण गर्दा एक्साभेटर भाडा प्रतिघन्टा ११० एचपीको प्रतिघन्टा रु. ६०००/-, २००एचपी सम्मको ६५,००/- ब्रेकर सहितको एक्साभेटरको प्रतिघन्टा ७०००/- र ७५००/- निर्धारण गरी कार्य गराएकाले सडक विभागको नर्म्सभन्दा बढी व्ययभार हुनेगरी लागत अनुमान तयार गरेकोले स्रोतको मितव्ययी उपयोग भएको नदेखिएकाले सडक विभागको नर्म्स वा वढी क्षमताले कार्य गराउँदा प्रतिइकाई लागत न्यूनतम कायम हुनेगरी भाडादर निर्धारण गर्न'पर्दछ । यस्तो खर्च नियमित गर्नुपर्ने रु.

| **क्र.सं.** | **काम** | **पालिका भाडादर (उपयोगका आधारमा)** | **सडक भाडादर (ओभरहेड)** | **फरक वा बढी दर(प्रति घमी)** | **कार्य परिमाण घ.मि.** | **मूल्य रु.** |
|---|---|---|---|---|---|---|
| १ | घोरावाङ गुरासे फुटिवाङ-२२०० मिटर | १२५.८६ | ७२.४५ | ५३.४१ | १८२२० | ९७३,१३० |
| २ | दुलिडाँडा चालाबाङ्ग सडक | १२५.८६ | ७२.४५ | ५३.४१ | ४०९७ | २१८८२१ |
| ३ | टुटूप्रजा भित्रिवन सडक | १२५.८६ | ७२.४५ | ५३.४१ | १६५७६ | ८८५३२४ |
| ४ | उवावेशी दाङसगा भङरङ सडक | १२५.८६ | ७२.४५ | ५३.४१ | ६१९६ | ३३०९२८ |
| **जम्मा** | | | | | | २४०८२०३ |

| | |
|---|---|
| अनियमित भएको | २४,०८,२०३ |

५० **पन्ध्रशैयाको अस्पताल निर्माण**

५०.१ सार्वजनिक खरिद(तेह्रौ संशोधन) नियमावली, २०८ को नियम १२३(१ख)मा प्राविधिक नापजाँच गरी वास्तविक कामको करारको शर्त बमोजिम भूक्तानी गर्नुपर्ने व्यवस्था छ। एकीकृत स्वास्थ्य पूर्वधारक कार्यक्रमबाछ १५ बेडको अस्पताल निर्माणम गर्न ठेक्का नं. ८।०७७।०७८ को लागत रु. १२,६९,७१,८६८/- अनुमान गरी प्रतिस्पर्धाबाट रु. १२,३४,९९,५४२/- मू.अ.कर र पिएस बाहेको खानी थोनुङ्ग बुद्ध हिमाली जेभी(९१५८२४५२५) मू.अ.करमा दर्ता भएको फर्मसँग मिति २०७८।१।१२ देखि २०८०।१।१२ सम्ममा सम्पन्न गर्नेगरी मिति २०७८।१।६ मा सम्झौता भएकोमा १ बर्ष ६ महिना म्यादथप हुँदासम्म सम्पन्न गरी हस्तान्तरण गरेको पाइएन। तोकिएको म्यादभित्र काम सम्पन्न गरी सेवा प्रवाहको प्रबन्ध गरिनुपर्दछ।

सो निर्माण कार्यमा हलसम्म आठौं विल सम्म रु. १३४७०९६९.४८ मू.अ.कर बाहेक मूल्यवृद्धि दिएको पाइयो। सो भवनको नवौं विल सम्म भेरियसनबाट भएको परिवर्तन अनुसार रु १३,०४,२०,४५९/-को काम गर्नुपर्नेमा नवौ विलसम्म रु. ११,४६,६१,८८७/-को कार्य गरी यो बर्ष आठौं विल र नवौं विल रु ३,९७,२८,५५४/- मू.अ.कर र मूल्यवृद्धिबाहेकको भूक्तानी गरेको छ। सोको परीक्षण गर्दा देखिएको

व्यहोरा देहाय बमोजिम छ:

५०.२ **भेरिएशन थप**: सार्वजनिक खरिद(तेह्रौ संशोधन) नियमावली, २०८ को नियम ११८(२)मा भेरिएशन प्रमाणको प्राविधिक पुष्ट्याई र कारण लागत अनुमानको प्रभाव र कारण, ड्रइङ, डिजाइन तथा स्पेशिफिकेसन बदल्ने विषय खुलाई भेरिएशन प्रमाणित गर्नुपर्ने व्यवस्था छ। पालिकाले रु. १२,६४.९०,५४०/- स्वीकार गरेको कार्य दोस्रो भेरिएसनबाट रु. १३,०४,२०४५९/- कमायम गरी बढ घट गरी रु. ३९,२९,९२१/- लागत वृद्धि भएको छ। साको नयाँ लागत दर थप छलफल गरी मूल्य कायम नगरेको एकिन गरी नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ३९,२९,९१२ |

५०.३ **माटो काट्ने काम**: सार्वजनिक खरिद(तेह्रौ संशोधन) नियमावली, २०८० को नियम १२३(२ख)मा वास्तविक नापीको लागतको आधारमा भूक्तानी दिने व्यवस्था छ। १८८११.५५ मध्ये माटो भेरिएसनद्वारा काटेको र सोको भेरिएसन रु. २९९२.९५ घनमिटर थप गरी २१३०४.२९ घनमिटर माटो काटेको रु. ३१९५६४३.३४ भूक्तानी गरेको पाइयो। सो काटेको माटो भण्डारण गरेको वा अन्य योजनामा उपयोग गरेको नपाईएकोले माटो कटानको एकीन हुनुपर्दछ ।

५०.४ **माटो खन्ने थप काम:** इकाइ क्र.स. ४ मा मध्यम प्रकारको माटोखन्ने काम २९९२.९५ घनमिटर थप गरी प्रतिघनमिटर रु.१५०/-को दरले रु. ४४८,९४३/- सोको मू.अ.कर सहित रु. ५,०७,३०५ खर्च लेखेको छ। मध्यममाटो व्यवस्थापन परिमाण नदेखिदा दिनमिल्ने आधार प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०७,३०५ |

५०.५ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रु **६८५,३०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५०.६ लागतभार: सार्वजनिक खरिद(तेह्रौ संशोधन) नियमावली, २०८ को नियम १०(२)मा स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन निर्माण विभागको Norms D-9मा इकाईदर क्र.सं. ९मा २४२.१४ मेट्रिकटन स्टीलको कामको १.०५ वटा गणना गर्नुपर्नेमा १.१०को प्रतिमेट्रक टन गणना गरेकाले बढी ०.०५ को प्रतिमेट्रक टन ८८,०००/- दरले हुने रु. ४४००/- ले २४२.१४ टनको रु. १०,६५,४१९/- लागत भार पर्नेगरी मू.अ.कर समेत रु. १२,०३,९२५/- बढीको लागत अनुमान तयार गरेको देखिएकोले नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १२,०३,९२५ |

५०.७ प्राथमिक स्रोतको कर: स्थानीय निर्माण सामाग्री कर प्रदेश आर्थिक ऐन, २०८०को अनुसूची ६ र व्यवसायीसँग भएको सम्झौता ८२.१ बमोजिम ढुङ्गा गिटी बालुवाको कर मू.अ.कर समेत प्रतिघनमिटर ६.७८ उठाउनुपर्ने व्यवस्था छ। कार्यालयले देहायको इकाई सम्म निर्माण सम्पन्न गरेकोमा कर तिरेको अभिलेख नभएकाले पालिकामा कर तिरेको प्रमाण पेश गर्नुपर्दछ ।

| क्र.स. | काम | भएको काम घ.मि. | कुल घ.मि. | घन फूट | दर मू.अ.कर समेत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ढुङ्गा छाप्ने | ५८५.९८ | ६४४.५७ | २२७४१ | ६.७८ | १,५४,१८४/- |
| २ | एम१० कङ्कृट | २७३.०१ | ३४७.१७ | २२२४८ | ६.७८ | १५०,८४२/- |
| ३ | एम २० कङ्कृट | ११४८.६६ | १५६२.१७ | ५५११३ | ६.७८ | ३७३,६६६/- |
| ४ | एम २५ कङ्कृट | २६९.३२ | ३४३.३ | १२११२ | ६.७८ | ८२,१२०/- |
| ५ | ढुङ्गाको गाह्रो | १४५.२१ | २२७.९७ | ८०४२.७८ | ६.७८ | ५४,५३०/- |
| ६ | ढुङ्गाको गाह्रो | १४६४.५ | २२९९.२६ | ८१११७.९ | ६.७८ | ५४९,९८०/- |
| ७ | सिमेन्ट कङ्कृट | ७३६२.३९ | १०७.४९ | ३७९२.२ | ६.७८ | २५,७११/- |
| जम्मा | | | | | | **१३,९१,०३३** |

५१ **बोलपत्र प्रतिस्पर्धा**

सार्वजनिक खरिद(तेह्रौ संशोधन) नियमावली, २०८ को नियम ३१ मा २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य खुला बोलपत्रद्धारा प्रतिस्पर्धा सीमित नहुने गरी प्याकेजिङ्ग गरी खरिद गर्नुपर्दछ। पालिकाले एकै प्रकृतिको काममा प्याकेजिङ्ग नगरी देहाय बमोजिम प्रतिस्पर्धा गराई काम गररेको देखिन्छ। प्याकेजिङ्ग नहुँदा कामको परिमाण र मूल्य थप घट्ने सम्भावनालाई अनुमान वा आकंलन गरेको देखिएन।

| क्र.सं. | ठेक्का | काम | लागत | स्वीकार | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ४।०८०।०८१ | टुटुपुजा भित्रीवन सडक | ४२,१७,४४१ | २५,०३,१७० | ४१.०७ |
| २ | ७।०८०।०८१ | जय रानागाउँ लिफ्ट खा.पा. | ९६,८१,५६१ | ६६,८३,६५८ | ३१.०२ |
| ३ | ८।०८०।०८१ | वडा नं. १ प्रशासकीय भवन | ६७,९७,३९८ | ५४,३७,२३० | २०.०१ |
| ४ | ९।०८०।०८१ | ठुलागाउँ खा.पा. | २१,०४,५२३ | १५,७५,३३२ | २५.८५ |
| ५ | १२।०८०।०८१ | मरन्ठाना कोजवाङ | १६,२९,८०९ | १२,४१,५७९ | २३.८२ |
| **जम्मा** | | | **२,४४,३८,७३२** | **१,७४,४०,९६९** | **२८.६३** |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : थबाङ गाउँपालिका, रोल्पा , थवाङ गाउँपालिका , रोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Hemraj Gharti Magar | २०७९-५-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | यज्ञ प्रसाद कंडेल | २०७९-८-१३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,३८६,३३४ | १७,९२६,१५६ | १,०२७,२३५ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २०,३३९,७२५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ७८४,३०३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १९,५५५,४२२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५५१९१०३९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १९८७०६४०५.९ | चालु खर्च | १७३१४५२६०.५६ |
| प्रदेश सरकारबाट अनुदान | १७२८३७७४ | पूँजीगत खर्च | ११४७०७९२६ |
| राजश्व बाँडफाँट | ६२३६७८४७.६२ | वित्तीय/अन्य व्यवस्था | १०७९१७२६८ |
| आन्तरिक आय | १०१४३९९७.८४ | | |
| अन्य आय | १०७९१७२६८ | | |
| कुल आय | ३९६४१९२९३.३६ | कुल खर्च | ३९५७७०४५४.५६ |
| बाँकी मौज्दात | | ५५८३९८७७.८ | |

अनुसूची - २

## बेरूजु दफा २७.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| ११३१३ | सम्पती कर | ३,००,००० | ८,१३० | २.७१ |
| ११३१४ | भुमिकर/मालपोत | १०,००,००० | ११,४१,७३६ | ११४.१७ |
| ११३१७ | वहाल कर | ५५,००० | १,५७,५८१ | २८६.५ |
| ११३१८ | वहाल विटौरी कर | १०,००,०००.०० | ० | ० |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | ०.०० | ३,००० | |
| ११४७९ | अन्य मनोरञ्जन कर | ०.०० | ४१,००० | |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | ०.०० | ३७,३५० | |
| ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | १२,११० | |
| ११६९१ | अन्य कर | १५,००,००० | ५,२३,९५८ | ३४.९३ |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ९,५०,०००.०० | ० | ० |
| १४२१८ | विद्युत सेवा शुल्क | ०.०० | ७,५८,६८१ | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | १६,६३,९०० | |
| १४२२१ | न्यायिक दस्तूर | २५,००० | ८,८०० | ३५.२ |
| १४२२४ | परीक्षा शुल्क | ०.०० | १८,३०० | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३,३०,००० | ९०,४०० | २७.३९ |
| १४२४३ | सिफारिश दस्तुर | ४,५०,००० | ४,४९,४२७ | ९९.८७ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,५०,००० | १,६८,२५० | ११२.१६ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १,००,००० | ३९,००० | ३९ |
| १४२४९ | अन्य दस्तुर | ०.०० | १,६७,७८२ | |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | १,६८,७५० | |
| १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ०.०० | ७०० | |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ०.०० | १,२०,००० | |
| १४२६५ | अन्य क्षेत्रको आय | ०.०० | ५,१०० | |
| १४५२९ | अन्य राजस्व | ०.०० | १,८४,२९२ | |
| १४५३१ | सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट | ०.०० | २०० | |

| | | | | |
|---|---|---|---|---|
| | प्राप्त रकम | | | |
| १४६११ | व्यवसाय कर | ५,००,००० | २,९०० | ०.५८ |
| १५११२ | निकासा फिर्ता | ०.०० | ३५० | |
| | जम्मा | ६३,६०,००० | ५७,७१,६९७ | ९०.७४ |

## बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.स | विद्यालयको नाम | शिक्षक संख्या | निकासा रकम |
|---|---|---|---|
| १ | बीर बलभद्र नमुना माध्यमिक विद्यालय थबाङ-१ जकेबाङ रोल्पा | २ | ८४००५० |
| २ | श्री हिमालय फुलबारी माध्यमिक विद्यालय थबाङ-३ मिरुल रोल्पा | २ | ५७१२५० |
| ३ | श्री भानुभक्त नमुना माध्यमिक विद्यालय थबाङ-५ रोल्पा | ३ | ८०५३५० |
| ४ | श्री नेपाल राषंट्रिय आधारभूत विद्यालय थबाङ ४ उवा | ३ | ९७५८९५ |
| ५ | श्री शारदा आधारभूत विद्यालय थबाङ-१ रोल्पा | ३ | ७६६४४५ |

| | | | |
|---|---|---|---|
| ६ | श्री जनसेवक प्राथमिक विद्यालय थबाङ-५ उवा रोल्पा | २ | १६८००० |
| ७ | श्री हिमालय प्राथमिक विद्यालय थबाङ-५ उवा रोल्पा | २ | १६८००० |
| ८ | श्री जनज्योति प्राथमिक विद्यालय थबाङ-४ उवा रोल्पा | २ | १६८००० |
| ९ | श्री महेन्द्र प्राथमिक विद्यालय थबाङ-४ उवा रोल्पा | २ | १६८००० |
| १० | श्री दिपज्योति प्राथमिक विद्यालय थबाङ -२ रोल्पा | २ | १६८००० |
| ११ | श्री बराह क्षेत्र प्राथमिक विद्यालय | २ | १६८००० |

| | | | |
|---|---|---|---|
| | थबाङ-२ रोल्पा | | |
| १२ | श्री कालिका नेत्रज्योति प्राथमिक विद्यालय थबाङ-२ | २ | १६८००० |
| १३ | श्री जन सहभागिता प्राथमिक विद्यालय थबाङ-२ रोल्पा | १ | ८४००० |
| १४ | श्री जनचुछु प्राथमिक विद्यालय थबाङ-१ रोल्पा | २ | १६८००० |
| १५ | श्री जनज्योति प्राथमिक विद्यालय थबाङ-३ रोल्पा | २ | १६८००० |
| १६ | श्री बालविकास प्राथमिक विद्यालय थबाङ -३ रोल्पा | २ | १६८००० |
| १७ | श्री नबचेतना प्राथमिक विद्यालय थबाङ-३ मिरुल | २ | ८४००० |

| | | | |
|---|---|---|---|
| | | | |
| १८ | श्री नब बालकल्यान प्राथमिक विद्यालय थबाङ-३ मिरल | २ | ३२७१०० |
| १९ | श्री जनजागृति आधारभूत विद्यालय थबाङ-३ मिरुल | २ | १६८००० |
| २० | श्री जनकल्याण प्राथमिक विद्यालय थबाङ-३ मिरुल | २ | १६८००० |
| २१ | श्री लुजा ओइवारी प्राथमिक विद्यालय थबाङ-३ मिरुल | २ | ३००३०० |
| | जम्मा रु | | ६७,७0,३९0 |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
-
- आन्तरिक लेखापरीक्षकको पदपूर्ति गराई आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।
- गाउँपालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । गाउँपालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी गाउँपालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।